# घर भाडामा लिनेसम्वन्धी सिलवन्दी वोलपत्र आहानको सूचना !

प्रथम पटक प्रकाशित मिति : २०७४/०८/२८

यस नगरकार्यपालिकालाई कार्यालय संचालन गर्नको लागि घर भाडामा लिनु आवश्यक भएको हुँदा हालको कार्यालयको पूर्वमा रामजानकी मन्दिर, पश्चिममा गोलघर चोक, उत्तरमा जलिलको घर र दक्षिणमा कबिर कुटी, विरेन्द्रवजार ( धनुषाको) चारकिल्ला भित्र पर्ने स्थानहरुमा सडक विस्तारको मापदण्डभित्र नपर्ने, कुनै कानूनी वाधा अड्चन नभएको, निर्माण संरचना गर्न सकिने र प्रशासनिक दृष्टिकोणबाट उपयुक्त हुने कम्तीमा ३५ वटा कोठाहरु सहितको ३,५०० वर्गफिट क्षेत्रफलमा (केही घटीवढी क्षेत्रफल भएको ) पानी, बत्ती, विजुली, टेलिफोन, शौचालय, जेनेरेटर राख्ने तथा पार्किङ्ग स्थलको राम्रो प्रवन्ध भएको, आवासको समेत व्यवस्था गर्न सकिने, नेपाल सरकारले तोकेको हालको मापदण्ड पुरा गरेको घर भाडामा दिन ईच्छुक घरधनीहरुले आफ्नो नागरिकताको प्रमाणपत्रको फाटोकपी, घरहकभोगको प्रमाण, चारकिल्ला प्रमाणितको फोटोकपी, नापी कार्यालयबाट प्रमाणित ट्रेस नक्शाको फोटोकपी, घर जग्गाको कर तिरेको रसिद ( आ.व. २०७४/०७५), घरको नक्शा, भाडामा दिने घरको कोठा संख्या र क्षेत्रफल (वर्गफुटमा) र घरको फोटो समेत राखी सो घर के कति भाडा दर (कर समेत) मा कम्तीमा ३ वर्षको लागि र के कस्तो शर्तमा भाडामा दिने हो ? सम्पूर्ण विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन (कार्यालय समय) भित्र यस कार्यालयमा सिलवन्दी बोलपत्र पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

रितपूर्वक पर्न आएका सिलवन्दी वोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम मितिको भोलिपल्ट ( कार्यालय खुलेको दिन) यस कार्यालयमा खोलिने छ । सिलवन्दी वोलपत्रमा पर्न आएका घर/फ्लाटहरुमध्ये आंशिक वा पुरै भाडामा लिने वा नलिने अन्तिम निर्णय गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

कार्यालयका लागि घर भाडामा लिदा प्रशासनिक सुगमताको साथै सेवाग्राहीमैत्री संरचना र पार्किङ्ग सुविधा भएको घरलाई प्राथमिकता दिईनेछ । बोलपत्र फारम यस नगरकार्यपालिकाको कार्यालयबाट कार्यालय समयमा उपलब्ध हुनेछ ।

गणेशमान चारनाथ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, विरेनद्रवजार, धनुषा ।